# तानसेन नगरपालिका

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np


चलानी नं.
पत्र संख्या :

२०७८ असोज २५

## हार्दिक शुभकामना !

नेपालीहरुको महत्वपूर्ण पर्वहरु बडादशैं, तिहार, नेपाल संवत र छठ पर्व २०७८ को अवसरमा तानसेनवासीलगायत सम्पूर्ण नेपालीजनमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

विश्वभर महामारीको रुप लिएको कोरोना (कोविड-१९) भाइरस संक्रमणबाट पूर्णत सुरक्षित भइनसकेको अवस्था छ । कोरोनाको दोस्रो लहरसम्म आइपुग्दा कोरोनाकै कारण हामीले कतिपय हाम्रा आफन्त तथा शुभचिन्तकहरु गुमायौं । अझैपनि संक्रमणको संत्रास कायमै रहेको छ यसर्थ कोरोनाबाट सुरक्षित रहेर चाडपर्वको मौलिकता संरक्षणसँगै सामाजिक सदभाव, सहिष्णुता अभिबृद्धि महत्वपूर्ण सवाल हो । सुरक्षा मापदण्ड पालना गर्दै पर्व मनाउनेतर्फ हामी सबै चनाखो हुन आवश्यक छ । कोरोना भाइरस (कोविड-१९) संक्रमण रोकथाम तथा विपन्न अनि प्रभावित परिवार र व्यक्तिलाई आवश्यक उपचार र राहतको लागि तानसेन नगरसरकारले शुरुदेखि नै यथासक्य आवश्यक कदम चालेको तथ्य सबैलाई विदितै छ ।

हामी सबैसँग सादर अनुरोध गर्दछौं-यसपटकको दशैंलगायतका पर्वहरुमा पनि संयमता अपनाएर संस्कार बचाऔं, भीडभाड नगरौं तथा फजुल खर्च नियन्त्रण गरी बचत गर्ने बानीको विकास गरौं । हामीले पटकपटक हेक्का राख्नै पर्ने सवाल हो-कोरोना संक्रमणबाट आफू बचौं अरुलाई बचाऔं । तानसेनलाई सफा र सुन्दर राख्दै स्वस्थ वातावरण कायम राख्न, शान्ति सुरक्षा र सामाजिक सद्भाव अभिवृद्धिका लागि नगर सरकारलगायत सरोकारवाला निकायलाई नगरबासीले सहयोग गरौं । पर्यटनमैत्री वातावरण सिर्जना गरौं, तानसेन आउनुहुने पाहुनाहरुलाई यथोचित कदर गरौं ।

अन्त्यमा, विजयादशमी (बडा दशैं) , दिपावली (तिहार) , नेपाल संवत् ११४२ र छठ पर्वको उपलक्ष्यमा तानसेनस्थित सम्पूर्ण जनप्रतिनिधि, बुद्धिजीवी, सञ्चारकर्मी, उद्यमीव्यवसायी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मीहरु लगायत सम्पूर्ण तानसेन पाल्पावासीलगायत समस्त नेपालीजनमा सुस्वास्थय, दीर्घायु र सुखसमृद्धिका लागि पुनः हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछौं ।

नगर प्रमुख

अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार




Scanned with CamScanner